NIC ASIA CAPITAL

idea to IPO
Connecting the dots...

# प्रेस विज्ञप्ति

## वैशाख ९, २०८१

**एन आई सी एशिया क्यापिटल र क्लासिक भ्यु रिसोर्ट बीच क्यापिटलको IDEA to IPO सेवा अन्तर्गत संस्थागत परामर्श सेवा सहित निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ती गर्ने सम्बन्धी दुई पक्षिय सम्झौता सम्पन्न भएको छ।**



एन आई सी एशिया क्यापिटलले "IDEA to IPO" सेवा अन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीहरुलाई कम्पनीको स्थापना कालदेखि IPO जारी गर्ने चरणसम्म पुऱ्याउन आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउदै आईरहेको छ। सोही सेवा अन्तर्गत वडा नं.५, डाडाँ गाउँ नगरपालिका, बुढानिलकण्ठ, काठमाण्डौमा रजिष्ट्रार कार्यालय रहेको क्लासिक भ्यु रिसोर्ट लिमिटेडलाई क्यापिटलको "IDEA to IPO" सेवा अन्तर्गत संस्थागत परामर्श सेवा सहित कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार प्रचलित कानून बमोजि कम्पनीको जारी पूँजीको १४ प्रतिशत अर्थात रु.१०० अंकित दरका १०,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा प्राथमिक शेयर (IPO) निष्काशन गर्न एन आई सी एशिया क्यापिटल लिमिटेड र क्लासिक भ्यु रिसोर्ट बीच निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ती गर्ने सम्बन्धी दुई पक्षिय सम्झौता सम्पन्न भएको छ।

क्लासिक भ्यू रिसोर्ट बुडानिलकण्ठ, काठमाडौंमा अवस्थित १९ रोपनीको क्षेत्रफलमा निर्माणधिन अवस्थामा रहेको छ। हालसम्म उक्त रिसोर्टको ६५ प्रतिशत भन्दा बढी कार्य सम्पन्न भइसकेको छ। रिसोर्टको अध्यक्ष श्री मुकुन्द राज कुँवर लगायत अन्य संचालक तथा संस्थापक शेयरधनीहरुको रियल इस्टेट लगायत अन्य व्यवसायमा एक दशक भन्दा बढीको अनुभव हाशिल गर्नुभएका विज्ञ टिम द्वारा संचालित क्लासिक भ्यु रिसोर्ट आर्थिक रुपमा समेत बलियो रहेकोले समयमा नै सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी व्यवसायीक रुपमा संचालनमा ल्याउने योजना रहेको छ।

क्लासिक भ्यु रिसोर्ट त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलबाट नजिकको दुरीमा अवस्थित रहेको हुँदा स्वदेशी तथा विदेशी प्रर्यटकको पहिलो रोजाइको रिसोर्ट हुन सक्ने देखिन्छ। रिसोर्टले रमणीय परिवेश, सांस्कृतिक विसर्जन अनुभवहरू र पर्यावरण-मैत्रीपूण वातावरण मार्फत ग्रहकहरुको अपेक्षाहरू पूरा गर्नका लागि उत्कृष्ट सेवा सुविधाहरू सहित विलासी आवासहरू देखि विविध भोजन, मनोरञ्जन लगायतका बिभिन्न सुविधाहरू उपलब्ध गराउने लक्ष्य लिएको छ। अतुलनीय विलासिता, सांस्कृतिक विसर्जनको प्रतिज्ञा सहित दूरदर्शी नेतृत्व, बलियो वित्तीय आधार र उत्कृष्टताप्रति समर्पणको साथ, क्लासिक भ्यू रिसोर्ट नेपालमा लक्जरी आतिथ्यतालाई पुन: परिभाषित गर्दै आम सेवाग्राहीहरुलाई उच्च कोटिको सेवा सुविधा प्रदान गरी पहिलो रोजाइको रिसोर्ट बन्ने लक्ष्यका साथ अगाढी बढिरहेको छ। साथै क्लासिक भ्यु रिसोर्ट संचालनको लागि इन्डियन ख्याती प्राप्त ब्राण्ड **SAROVAR** को **"Royal Tupil" ब्राण्ड**सँग व्यवस्थापकिय सम्झौता समेत सम्पन्न भइसकेको छ।

एन आई सी एशिया क्यापिटलले "IDEA to IPO" सेवा अन्तर्गत प्रा.लि. लाई पब्लिक कम्पनीमा परिणत गरी साधारण शेयर निष्काशन सम्मको कार्य गर्न आवश्यक परामर्श सेवा संचालन गरिरहेको हुँदा उक्त सेवा लिन चाहने कम्पनीहरुले क्यापिटलका प्रमुख मर्चेण्ट बैंकिङ्ग अधिकृत श्री दामोदर रायमाझीज्यूलाई मोवाइल नं.९८०२३५५६७८ मा सोझै सम्पर्क गर्न सकिने छ।

Ramendra

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य